- आफ्ना बालबालिकाको पढाइ बारे जानकारी लिन अभिभावक विद्यालय आउनुपर्नेछ।
- E-School Apps -E- Zone लग ईन गरेर आफ्ना बाबु नानीका सबै सूचनाहरु लिन सक्नु हुनेछ।
- विद्यालयमा नियमित हाजिरी भएका विद्यार्थीहरुलाई मात्र परीक्षामा सामेल गराईनेछ।
- विद्यालयको भौतिक पक्ष तोडफोड गर्ने आफैंले क्षतिपुर्ति तिर्नु पर्नेछ।

**नोट : पढाई सम्बन्धि थप जानकारी**

- कक्षा १ देखि ८ सम्म कम्पुटर पढाइ अनिवार्य गरिएको छ।
- कक्षा १ देखि ८ सम्म स्थानिय विषय नेपाल भाषाको विषय पढ्नुपर्नेछ।
- कक्षा ९ मा ऐच्छिक प्रथमका लागि अतिरिक्त गणित र अर्थशास्त्र मध्ये एक छनौट गर्नु पर्नेछ।
- कक्षा ९ मा ऐच्छिक द्वितीयमा लेखा र कम्प्युटर मध्ये एक छनौट गर्नु पर्नेछ।
- प्राविधिक विषय पढ्नेले कक्षा ९ को नाम दर्ता पछिको क्षमता परीक्षामा सफल हुनु पर्नेछ।
- प्राविधिकमा जम्मा ४८ सिट मात्र हुने भएकोले मर्यादाक्रम र समयलाई प्राथमिकता दिई कक्षा ९ मा भर्ना लिइनेछ।
- प्राविधिक विषय पढ्ने विद्यार्थीको लागि बिहानबाटै कक्षा सञ्चालन हुनेछ।
- विद्यार्थीहरुले बहुमूल्य गरगहना लगाएर आउन पाइनेछैन।
- विद्यार्थीहरुले मंगलबार र शुक्रबार हाउस ड्रेस, अन्य बार विद्यालय पोसाक लगाउनु पर्नेछ।










## नयाँ विद्यार्थी भर्ना

- यस बिद्यालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका बिद्यार्थीको नाम नविकरण २०८२ चैत्र २७ देखि ३० गते सम्म।
- कक्षा नर्सरी देखि के.जी.मा भर्नाका लागि ईन्चार्ज सिता देवी भुसाल सम्पर्क ९८४१५२३०४२
- कक्षा १ देखि ९ सम्म नयाँ विद्यार्थी भर्नाका लागी चैत्र २० गते देखि २७ गते सम्म मात्र विद्यालयमा आई फाराम भर्न सक्नुहुनेछ। साथै प्रवेश परीक्षा २०८३ बैशाख ३ गते हुनेछ।
- फाराम बुझाउने अन्तिम मिति २०८२/१२/२९ सम्म मात्र।
- प्रवेश परीक्षामा सफल विद्यार्थी निर्धारीत समय भित्र भर्ना हुनुपर्नेछ। भर्ना हुन आउँदा ग्रेड सिट, ट्रान्सफर सर्टिफिकेट र जन्मदर्ता प्रमाणपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ।
- विद्यार्थीको ड्रेसको नमुना सूचना पाटिमा हेर्नुहुन अनुरोध छ।
- विद्यालयको पाठयपुस्तक सूची सूचना पाटीमा हेर्नुहुन अनुरोध छ।
- नयाँ कक्षाको सुरुवात २०८३ बैशाख १५ गतेबाट हुनेछ।

**शैक्षिक वर्ष २०८२ को विद्यार्थी विवरण**

| विवरण | पूर्व प्रा.वि. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | १४१ | ६२ | ७० | ६६ | ६६ | ८२ | १२६ | १२५ | १६९ | २४४ | २१६ | ५५३ | ४८५ | २४०५ |
| छात्रा | १६० | ६८ | ६५ | ७१ | ८३ | ७० | १३९ | १३८ | २०१ | २६९ | २२० | ४०६ | ३६२ | २२४२ |
| जम्मा | ३०१ | १३० | १३५ | १३७ | १४९ | १५२ | २६५ | २६३ | ३७० | ५१३ | ४३६ | ९५९ | ८४७ | ४६५७ |

**शिक्षक/कर्मचारीहरूको तहगत विवरण**

| Level | Primary | | Lower Secondary | | Secondary | | Non-Teaching | | Parttime | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Gov. | School | Gov. | School | Gov. | School | Gov. | School | School | |
| Male | 4 | 2 | 6 | 2 | 12 | 1 | 2 | 3 | 36 | 68 |
| Female | 26 | 5 | 7 | 3 | 8 | - | 2 | 4 | 39 | 94 |
| Total | 30 | 7 | 13 | 5 | 20 | 1 | 4 | 7 | 75 | 162 |

विष्णु घिमिरे रिमाल
प्रधानाध्यापक
९८४१३४७१७५
ज्ञानोदय माध्यमिक विद्यालय परीवार

**वि.सं. २०८२ को वार्षिक परीक्षाको नतिजा प्रकाशन २०८२ चैत्र २५ गते दिउसो १:०० बजे हुनेछ।**

# संक्षिप्त परिचय २०८३

# 11 & 12

- MANAGEMENT
- SCIENCE
- Civil Engineering
- LAW




# Gyanodaya Secondary School
# ज्ञानोदय माध्यमिक विद्यालय

Purano Kalimati, Bafal
Tel : 01-5370155, 01-5382772
E-mail : gyanodayabafal@gmail.com
Website : www.gyanodayanepal.edu.np
apps: eschool apps by ezone

**आदरणीय अभिभावकज्यू,**

शैक्षिक शत्र २०८३ मा यहाँहरुलाई हार्दिक स्वागत गर्दछौं। ज्ञानोदय माध्यमिक विद्यालयले विगतमा जस्तै यस वर्ष पनि इलेक्ट्रोनिक प्रविधिलाई दैनिक पठन संस्कृतिमा प्रयोग गर्दै ICT सहितको नवीनतम शैक्षिक पद्धती अंगाल्दै तपाईहरु सामु आईपुगेको व्यहोरा अनुरोध गर्दछौं।

## पृष्ठभूमि



हाम्रा आदरणीय अभिभावक, स्थानीय जनसमुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, पूर्व विद्यार्थी समाज, शिक्षक कर्मचारी एवम् सम्पूर्ण शुभचिन्तकहरुको अथक प्रयास र परिश्रमको प्रतिफल नै आजको ज्ञानोदय माध्यमिक विद्यालय हो।

वि.सं. २०२० मा स्थापित यस सामुदायिक विद्यालयको समग्र विकासका लागि सहयोग पुऱ्याउनु हुने सबै शिक्षाप्रेमी महानुभावहरुलाई हार्दिक नमन गर्न चाहन्छौं।

यस विद्यालयमा करिब ४५०० भन्दा बढी विद्यार्थी, १६० भन्दा वढी शिक्षक कर्मचारीहरु मार्फत विद्यालय सञ्चालन भईरहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ कक्षा ९–१२ सिभिल इन्जिनियरिङ तथा कक्षा ११/१२ मा विज्ञान, व्यवस्थापन र कानुन विषयको पठनपाठन भैरहेको छ। विद्यालयले ECD कक्षाको पठनपाठनलाई मन्टेश्वरी विधिमा जोड दिदैं आइरहेको छ। अत्याधुनिक ICT पाईलट कक्षाको माध्यमबाट पठनपाठनमा डिजिटल प्रविधि र कम्प्युटरको अधिकतम प्रयोग सहितको शिक्षामा सबै तहमा विद्यालयले जोड दिइरहेको छ।

## उद्देश्य



बाल केन्द्रित र रचनात्मक सिकाई गरी स्वच्छ र अनुशासित वातावरणमा गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ उन्मुख राष्ट्रकै डिजिटलाईज्ड नमुना विद्यालयको रुपमा स्थापित गर्ने।

## विशेषता

दिगो सिकाईका लागि हाम्रो विशेषता

- माया, स्नेह र बालमैत्री शैक्षिक वातावरण प्रदान
- समस्या समाधानका लागि मनोवैज्ञानिक परामर्श
- खोज, अनुसन्धान र समस्या समाधान विधिमा जोड
- खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड
- परियोजना, प्रतिवेदन र प्रस्तुतीकरण कला विकासमा जोड
- छात्रा स्वास्थ्य मैत्री वतावरण निर्माण
- अंग्रेजी भाषाको माध्यमबाट पठनपाठन
- शिक्षण पद्धतिमा ICT को अधिकतम प्रयोग
- नर्स सुविधा
- दिवा खाजा
- उपचारात्मक/अतिरिक्त कक्षा व्यस्था



## विद्यालयले हासिल गरेको वर्तमान निकट शैक्षिक उपलब्धिहरु

विद्यालयले विगतमा क्षेत्रीय र राष्ट्रिय शिक्षा पुरस्कारहरु प्राप्त गरेको छ। हालसालै भएको उपलब्धिहरु यहाँ प्रस्तुत गरिएको छः

- SEE नतिजा २०७५ र २०७६ सालको शिक्षा दिवसमा वागमती प्रदेश हेटौंडाबाट तेश्रो पुरस्कार प्राप्त
- SLC नतिजा २०७५ सालको कक्षा ११/१२ मा वागमती प्रदेशमा विज्ञान तर्फ ३ जना विद्यार्थी सर्वोकृष्ट भएकोमा सम्माननीय प्रधानमन्त्रीज्युबाट सम्मान प्राप्त
- २०७५ सालको एस.ई.ई.मा उत्कृष्ट (टप) पुरस्कार का.म.पा. बाट प्राप्त
- २०७८ को कक्षा १२ को बोर्ड परीक्षाको नतिजामा साधारण र प्राविधिक धार दुबै तर्फ काठमाडौं महानगरमा सर्वोत्कृष्ट स्थान हासिल गरी नगद, झण्डा र प्रमाणपत्र प्राप्त
- ब्रिटिस काउन्सिलबाट सन् २०१६-१९ मा ISA Award प्राप्त
- SEE २०८० मा ३ जना विद्यार्थीले GPA-4 सहित सबै उत्तीर्ण भएका
- SEE २०८१ मा ६ जना विद्यार्थीले GPA-4 सहित सबै उत्तीर्ण भएका




## भौतिक स्थिति




यो विद्यालय स्थानीय जनताको सहयोग र श्रमदानको जगमा उभिएको छ। यस विद्यालयका ४ ओटा ठूला पक्की भवनहरु छन्। शिक्षामा सरोकार राख्ने सरकारी तथा गैरसरकारी संस्थाहरुको भौतिक निर्माणमा सहयोग भएको छ।

**थप निर्माणको कार्य**

- बागमती प्रदेश, सार्वजनिक निर्माण कार्यालय, ललितपुरबाट हालको ब्लक बि मा नयाँ भवनको निर्माण कार्य सुरु हुन लागेको।
- ब्लक बि रहेको आधा भागमा का.म.पा. वडा नं. १३ बाट निर्माणको कार्य सुरु हुन गैरहेको।
- ब्लक बि भवनलाई भत्काएकोले ब्लक ए को छतमा ट्रस निर्माण गरिएको।
- महानगरपालिकाबाट ब्लक बि को छतमा दुई कोठा थप निर्माण गरिएको।
- भएका शौचालयको स्तर उन्नती कार्य।
- होटल म्यानेजमेन्ट ल्यावको स्तरोन्नति।
- विद्यालयको प्रवेश द्वारको स्तरोन्नति।
- कक्षाकोठाहरुमा इन्टरनेटको पहुँच।
- विद्यार्थी ई-हाजिरी मोवाईल एपको सुविधा।



## आर्थिक सहयोग

विद्यालयको भौतिक र शैक्षिक पक्षको विकासको निम्ति स्थानीय जनता, अभिभावकवर्ग, विभिन्न संघ संस्था र शैक्षिक निकायहरुबाट प्राप्त सहयोग अुनदान मात्र पर्याप्त हुँदैन। विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न अतिरिक्त पाठ्यपुस्तक पनि लागु गरिएको छ। विद्यार्थीहरुलाई अध्यापन गराउन आन्तरिक श्रोतबाट पनि शिक्षक कर्मचारीहरु नियुक्त गरिएका छन्। विद्यालयमा अतिरिक्त विशेष कक्षा अध्यापन गर्ने कार्य हुदै आएको छ । विद्यालय कम्पाउण्ड भित्र रहेको जग्गाहरु किन्ने काम भएको छ। विद्यालय थप जग्गा किन्न प्रयत्नरत छ। यसरी विभिन्न शीर्षकहरुमा विद्यालयले नै थप आर्थिक व्ययभार वेहोर्नु परेको हुँदा अभिभावकहरुबाट पनि सहयोग निमित्त अपेक्षा गरेका छौं।

## छात्रवृत्ति

विद्यालयले निर्धारण गरेको सहयोग रकम तिर्न नसक्ने जेहेन्दार विद्यार्थीका अभिभावकहरुलाई विशेष अध्यापन सहयोगका रुपमा लिइने रकम विद्यालयले मिनाहा गदैं आएको छ। यसका अतिरिक्त विभिन्न संस्था र व्यक्तिवाट गरिब र जेहेन्दार छात्रवृत्ति प्रदान गरिदै आएको छ।

**छात्रवृत्तिहरु**

- कक्षामा प्रथम, द्धितीय र तृतीय हुनेहरुलाई जेहेन्दार छात्रवृत्ति
- राधाकृष्ण शर्मा प्रतिभा छात्रवृत्ति एस.ई.ई सर्वोत्कृष्टलाई
- क्या. रतन बहादुर लामिछाने छात्रवृत्ति
- वेद एण्ड क्याना छात्रवृत्ति कक्षा ११/१२ पढ्नेलाई
- यसोधरा पन्त प्रतिभा छात्रवृत्ति
- ज्ञानोदय प्रतिभा छात्रवृत्ति



## थप जानकारीहरु



- २०८३ बैशाख १५ गतेबाट पठनपाठन सुरु हुने छ।
- विद्यार्थी नियमित उपस्थिती हुनुपर्ने छ।
- विद्यार्थीहरु विद्यालय पोशाकमा आउनुपर्ने छ। पोशाक सम्बन्धी जानकारी सूचना पाटीमा हेर्नु हुनेछ।
- विद्यार्थीहरुको पढाइ, हाजिर र विशेष कक्षा अध्यापन सहयोग सम्बन्धी जानकारी कक्षा शिक्षकले ई-स्कुल जोन तथा मोवाईल एप मार्फत अभिवावकहरुलाई जानकारीका लीगि पठाइने छ।
- प्रत्येक खण्ड परीक्षाको प्रगति विवरण परीक्षा सकिएको १५ दिन भित्र वितरण गरिनेछ। प्रगति विवरण लिन अभिभावक स्वयं उपस्थित हुनुपर्नेछ।